# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१

च.न. :

**विषय: जग्गा ठेक्काको १५ दिने सिलवन्दी दरभाउ पत्र आव्हानको सूचना ।**

**चौथो पटक प्रकाशित मिति २०८१।०१।२५**

श्री बाशुदेबी माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८०।११।२ र २०८१।१।२६ गतेको निर्णय बमोजिम सूचना प्रकाशनका लागि सिफारिस भई आए अनुसार उक्त विद्यालयको नाममा दर्ता श्रेस्ता कायम रहेको धनगढी उपमहानगरपालिकाका बिभिन्न वडाहरूमा रहेको ३१ बिगाहा १४ कठ्ठा जमिन १० बर्षका लागि ठेक्का लिन चाहने ईच्छुक फर्म वा कम्पनीले (प्यान/भ्याट नं, करचुक्ता प्रमाण पत्र, फर्म वा कारोवार नविकरण भएको कागजात) तपशिलको शर्तहरूको अधिनमा रहि सिलवन्दी दरभाउ पत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१। ठेक्का अवधि सम्झौता भएको मिति देखि १० दश वर्ष सम्म कायम हुनेछ र कार्य सम्पादन सन्तोषजनक देखिएमा समय अवधि थप गर्न सकिनेछ ।

२। बार्षिक न्युनतम बढाबढ ठेक्का अंक रू (मु.अ.कर. वाहेक) यस प्रकार रहेको छ ।

| क.स. | बिवरण | क्षेत्रफल बिगाहामा | कठ्ठामा | प्रति कठ्ठाको मूल्य | बार्षिक न्युनतम बढाबढ ठेक्का अंक ( मु.अ.कर. वाहेक) |
|---|---|---|---|---|---|
| २ | तालको लागि | १० | २०० | ३००० | ६,००,०००। |
| ३ | खेती प्रयोजनका लागि | २१।१४ | ४३४ | २००० | ८,६८,०००। |
| | **कुल जम्मा रकम** | | | | १४,६८,०००। |

३। पुरै जग्गाको बार्षिक बढाबढ ठेक्का अंक रू १४,६८,०००। भ्याट बाहेक कायम गरिएको छ वा अलग अलग खरिद गर्न चाहेमा आफुले खरिद गर्न चाहने क.स.को अनुसारको प्रति प्याकेजमा कबोल रकम उल्लेख गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

# धनगढी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### सुदूरपश्चिम प्रदेश, नेपाल

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१

च.न. :

---

४। दरभाउ पत्र फाराम सूचना प्रकाशित मितिबाट १५ दिन भित्र कार्यालय समयमा रू.१०००। एक हजार मात्र (फिर्ता नहुने गरी) बुझाई यस उपमहानगरपालिकाको राजस्व शाखाबाट खरिद गर्न सकिने छ ।

५। यस विद्यालयलाई बुझाउनु पर्ने बाकी बक्यौता भएका ब्यक्ति,फर्म वा कम्पनीले यस ठेक्का प्रक्रियमा भाग लिन पाउने छैनन् ।

६। जग्गाको हाल साविक गर्दा कुनै कारणले जग्गा बृद्धि भएमा दरभाउपत्र सदर हुनेले सो जग्गा पनि उपभोग गर्नुपर्ने छ र सो वाफतको रकम पनि तिर्नु पर्ने छ ।

७। विद्यालयलाई जमिन आवश्यक परेमा विद्यालयले आवश्यक पर्ने जमिन उपभोग गर्नेछ । सो वाफतको हिसावबाट हुने रकम कबोल रकमबाट घटाइने छ ।

८। यदि दरभाउपत्र स्वीकृत भएको संस्थाले संरचना निर्माण गर्दा भविश्यमा विद्यालयलाई हानी नोक्सानी हुनेगरी वनाउन पाइने छैन र विद्यालयलाई आवश्यक पर्ने संरचना बनाउन चाहेमा विद्यालयको स्वीकृति लिएर सम्झौता बमोजिम बनाउन सकिनेछ ।

९। सूचना प्रकाशित भएको मितिबाट १६ औं दिनको दिउंसो १२.०० बजे भित्र दरभाउ पत्र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । रितपूर्वक दर्ता हुन आएका दरभाउ पत्र सोहि दिन दिउंसो २:०० बजे सम्बन्धित फर्म/कम्पनी वा निजले तोकेको प्रतिनिधिको रोहवरमा खोलिने छ तर सम्बन्धित फर्म/कम्पनी वा निजले तोकेका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

१०। दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सिलवन्दी दरभाउ पत्र सम्बन्धि सो कार्य गरिनेछ ।

११। कुनै पनि फर्म वा संस्थाको दररेट पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१२। दरभाउपत्र दर्ता गर्दा दरभाउपत्र दाताले आफुले कबोल गरेको ठेक्काअंकको ५ प्रतिशत रकम श्री बाशुदेबी माध्यमिक विद्यालयको नेपाल बैंक लिमेटेड धनगढी शाखाको चल्ती खाताको हि.न.१३७००१००१६२६३३००००१ मा जम्मा गरेको

प्रमुख प्रशासकीय अधिकृत

भौचर वा सो रकम बराबरको १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट "क" वर्ग को मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ ।

१३। दरभाउपत्र ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ । फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । यस कार्यालयबाट प्रमाणित नगरी बिक्री भएको र म्याद नाघी आएको दरभाउपत्र माथी कुनै कारवाही हुने छैन ।

१४। दरभाउपत्रदाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्तवाणिज्य बैंकद्धारा ठेक्का अवधि सम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का भोग चलनको पट्टापुर्जी प्रदान गरिनेछ ।

१५। ठेक्का स्वीकृत भएपछि पहिलो बर्ष पहिलो किस्ता बाफतको रकम सम्झौता भएको दिन अग्रिम दाखिला गर्नु पर्नेछ । दोश्रो किस्ताको रकम सो को ६ महिना पुग्ने दिन भित्र अग्रिम बुझाउनु पर्ने छ । त्यस पछिका बर्षको हकमा पहिलो किस्ता बुझाएको दिन देखि हरेक ६।६ महिना भित्र किस्ता बापतको रकम बुझाउनु पर्नेछ । यसको बिस्तृत तालिका सम्झौता पत्रमा उल्लेख भए अनुसार हुनेछ ।

१६। ठेक्का अनुसार कार्यालयलाई वुझाउने रकममा २/२ बर्षमा शुरू रकमको १०% ले बृद्धि हुदै जाने छ । बृद्धि गरिदा बढेकै रकमलाई आधार मानी बृद्धि हुदै जाने छ । कुनै पनि अवस्थामा किस्ता रकम छुटको लागि हक दाबी गर्न पाईने छैन ।

१७। अन्य कुरा सार्वजनिक खरिद ऐन, २०६३ तथा प्रचलित नेपाल सरकारका अन्य कानुन बमोजिम हुनेछ । त्रिपक्षीय सम्झौता गर्दा ध.उ.म.न.पा.र बिद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ ।

१८।यस सम्बन्धि थप जानकारीका लागि ९८४८४२८३५७ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत